# नेपाल धितोपत्र बोर्ड
# जावलाखेल, ललितपुर

## तीन थान कार (सवारी साधन) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित मितिः२०७२।११।६)**

सूचना नं.: ०१।७२।७३

यस बोर्डको लागि आवश्यक ८०० सिसि देखि १००० सिसि (+/- १%) सम्मका तीन थान कार (सवारी साधन) शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा उक्त सवारी साधन आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. वोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन (सो दिन विदा परे त्यसको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन) को ३:०० बजेसम्म यस बोर्डको कार्यालय, नियमन तथा व्यवस्थापन विभाग, जावलाखेलबाट पछि फिर्ता नहुने गरी रु. १०००।– (एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउंदा निवेदनका साथ अद्यावधिक भएको फर्म दर्ता प्रमाण, ईजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाण र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन) को १२:०० बजेभित्र यस बोर्डको नियमन तथा व्यवस्थापन विभाग खरिद इकाइ (सवारी), जावलाखेलमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ र सोही स्थान र दिन, दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) सिलवन्दी बोलपत्र खोलिनेछ ।

४. वोलपत्रका साथमा वोलपत्र जमानत (विडबण्ड) वापत आफूले कवुल गरेको मूल्य अभिवृद्धि कर समेतको कवोल रकमको कम्तिमा २.५ प्रतिशतले हुन आउने रकम यस बोर्डको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बोर्डको पक्षमा जारी न्युनतम नब्बे दिनको मान्य अवधि भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी  दिनको हुनेछ ।

५. बोलपत्रदाता सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाको कालो सुचीमा परेको हुनु हुदैन ।

६. बोलपत्रदाताले प्री बिड मिटिङ्गमा सहभागी हुनु पर्ने छ । प्री बिड मिटिङ्ग सूचना प्रकाशित भएको मितिले २१ औं दिन मध्यान्न १२.३० मा (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) हुने छ । प्रिविड मिटिङ्गमा सहभागी नभएको कारणले कुनै बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकनबाट हटाइने छैन । प्रिविड मिटिङ्ग सम्पन्न भएपछि पनि कुनै बोलपत्रदाताले बोलपत्र खरिद गरी बोर्डमा  पेश गरेको छ भने पनि त्यस्तो बोलपत्रलाई समेत मान्यता दिइनेछ ।

७. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झूटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. उपरोक्तानुसारको तीन थान कार (सवारी साधन) को अनुमानित लागत मु.अ.कर समेत रु. ६०,००,०००।०० (अक्षरेपी साठ्ठीलाख मात्र) रहेको छ ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित रहनेछ ।

१०. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा बोलपत्रमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल धितोपत्र बोर्ड खरीद सम्बन्धी नियमावली, २०६६ मा उल्लेख भए बमोजिम हुनेछ ।

११. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल धितोपत्र बोर्ड, नियमन तथा व्यवस्थापन विभाग जावलाखेल, ललितपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बोर्डको वेभसाईट **www.sebon.gov.np** मा पनि हेर्न सकिने छ ।

नियमन तथा व्यवस्थापन विभाग<br>
नेपाल धितोपत्र बोर्ड<br>
जावलाखेल,ललितपुर ।